*Vol. 11 Issue 1, 245-255 Jan. 2026*
*ISSN 2382-5103*

JOURNAL OF DEVELOPMENT REVIEW




# गुल्मी जिल्लामा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथामा पारिस्थितिक प्रणाली

**शिवशरण ज्ञवाली**
उपप्राध्यापक, नेपाली विभाग, सरस्वती बहुमुखी क्याम्पस,
लेखनाथमार्ग, काठमाडौँ
E-mail : shivasmirti39@gmail.com, ORCID iD : https://orcid.org/0009-0009-9222-520X

ARTICLE INFO

*Reviewed: Feb,7,2026*
*Revised: Feb,25,2026*
*Accepted: April,20,2026*

**लेखसार**

*गुल्मी जिल्लामा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथाको पारिस्थितिक प्रणालीको अध्ययन यो लेखमा गरिएको छ । त्यसैले पारिस्थितिक प्रणालीसम्बन्धी समस्याको समाधान गर्नु यो लेखको उद्देश्य रहेको छ । त्यो उद्देश्य प्राप्तिका लागि क्षेत्रकार्यका माध्यमबाट वाचित लिखित रूपमा सङ्कलन गरिएको प्राथमिक सामग्रीको विश्लेषण पर्यावरणीय समालोचनाको पारिस्थितिक प्रणालीसम्बन्धी सिद्धान्तका आधारमा गरिएको छ । लोककथामा राजकुमार, उसकी श्रीमती र चमारेकी छोरीबिचमा पनि अन्तर्सम्बन्ध रहेको छ भने काग र स्यालको पनि मानवसँग अन्तर्सम्बन्ध रहेको पाइन्छ । लोककथाको कथानक राजकुमारबाट सुरु भई राजकुमारमै आएर टुङ्गिएको छ । यस्तो अन्तर्सम्बन्धले पारिस्थितिक प्रणालीलाई गतिशील तुल्याएको छ । यो लोककथामा शक्तिको रूपान्तरण माटोबाट वनस्पतिमा, वनस्पतिबाट मान्छे मा तथा अन्य जीवबाट पुनः माटोमा भएको पाइन्छ । लोककथामा मुख्य पात्रका रूपमा मानव र मानवेतर जीव आएका छन् । यी सबै जीवले थल, आकाश र जलमा बसेर आफ्नो स्थानगत अस्तित्व रक्षा गरेको पाइन्छ । मानव र मानवेत्तर बिचको आन्तरिक र अन्तर अन्तर्सम्बन्ध, जीव-अन्न-वनस्पति-माटोका बिच शक्तिको रूपान्तरण तथा मानव र मानवेतर पात्रको जल, थल र नभमा भएको स्थानगत अस्तित्वले यो लोककथाको पारिस्थितिक प्रणाली गतिशील तथा सन्तुलित बन्न पुगेको छ ।*

*शब्दकुञ्जी*

*अस्तित्व, खाद्यचक्र, थल, नभ, मासांहार, वासस्थान, स्थानगत ।*

*© 2026 Journal of development ReviewSMC All rights reserved*

## १. विषयपरिचय

गुल्मी जिल्लामा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथाको प्रमुख पात्र राजकुमार रहेको छ । एकदिन राजकुमार बिहे गर्ने मनसायले श्रीमती खोज्न गाउँतिर हिँड्छ । उसले गाउँबाट फर्कदा बिहे गर्नका लागि ब्राह्मणकी कन्यालाई लिएर आउँछ । उसले त्यो कन्यासँग बिहे गर्ने कुरा आफ्ना बाबुआमालाई मनाउनु पर्ने थियो । त्यसैले ऊ त्यो कन्यालाई पधेँराको रूखमा लुकाइ घर फर्कन्छ । पधेँरामा दिनहुँ पानी भर्न आउने चमारेकी पानी बोक्ने केटीले त्यो कुरा थाहा पाइ कन्यालाई रूखबाट ओराली कुवामा धकेलेर आफू त्यहाँ लुकी बस्दछे । यो कुरा भने राजकुमारले थाहा पाउँदैन । उता आफ्ना बाबुआमालाई मनाएर राजकुमार केही दिनपछि जन्ती र बाजागाजा लिएर आफ्नी बेहुली लिन पधेँरामा आउँदा

अर्कै केटी देख्दा विस्मित हुन पुग्छ । चमारेकी पानी बोक्ने केटीले घाम तथा पानी र अन्नको अभावले आफ्नो त्यो अवस्था आएको बताएर राजकुमारलाई विश्वासमा लिने कोसिस गर्दछे । राजकुमारले त्यो केटीको कुरामा चित बुझाइ दुलही बनाएर घरतिर लिएर हिँड्छ । कागले दुलहादुलही घर पुग्नै लाग्दा राजकुमारले ल्याएकी कन्या कुवा परेको र चमारेकी पानी बोक्ने केटी राजकुमारकी दुलही बन्न पुगेको पोल खोलिदिन्छ । राजकुमारले वास्तविकता थाहा पाएपछि त्यो केटीलाई फर्काउँछ र कुवाबाट निकाली आफ्नी श्रीमती लिएर घर आउँछ । यो लोककथामा राजकुमार, उसले ल्याएकी कन्या, चमारेकी छोरी र कागजस्ता मानव र मानवेतर पात्र रहेका छन् । लोककथामा फट्याँइ काम गर्दा क्षणिक लाभ भए पनि त्यो लामो समय टिक्न सक्दैन भन्ने विचार व्यक्त भएको पाइन्छ । यो लोककथाको पारिस्थितिक प्रणालीको अध्ययन यो लेखमा गरिएको छ ।

पारिस्थितिक प्रणाली पर्यावरणीय समालोचनाको कृति विश्लेषणको एउटा आधार हो । यसमा सजीव र निर्जीव विषयवस्तु अन्तर्सम्बन्धित भएर रहेका हुन्छन् । अन्तर्सम्बन्धका माध्यमबाट खाद्यचक्र निर्माण भई शक्तिको रूपान्तरण भएको हुन्छ । यस्ता कार्यका लागि सजीव र निर्जीव विषयवस्तुले वासस्थानगत अस्तित्व सिर्जना गरेका हुन्छन् । यही पर्यावरणीय मान्यताका आधारमा गुल्मी जिल्लामा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथाको अध्ययन यो लेखमा गरिएको छ । गुल्मीका लोककथाका बारेमा होमनाथ सापकोटाले फोक्सिङ्ग पञ्चायतमा पाइने *लोकसाहित्यको सङ्कलन र वर्गीकरण सर्वेक्षण* (२०३९), होमनाथ सापकोटाले नै *गुल्मेली लोकगाथाको सङ्कलन, वर्गीकरण र विश्लेषण* (२०४२), दधिराम पन्थीले *गुल्मेली नेपाली लोककथाको अध्ययन* (२०६०), सञ्जु कणेलले *गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन* (२०७५), शिवशरण ज्ञवालीले *गुल्मी जिल्लामा प्रचलित लोककथामा पर्यावरण* (२०८२) शोधकार्य अध्ययन गरेको पाइन्छ । उल्लिखित पूर्वकार्यमा गुल्मी जिल्लामा प्रचलित लोककथाको पारिस्थितिक प्रणालीको आंशिक अध्ययन भए पनि पूर्ण अध्ययन भएको पाइँदैन । त्यसैले अध्ययनको यो क्षेत्रमा रिक्तता रहेको पाइन्छ । त्यो रिक्तताको परिपूर्ति गर्न यो लेखले गुल्मी जिल्लामा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथाको पारिस्थितिक प्रणालीलाई मुख्य समस्या बनाएको छ । त्यो समस्या समाधान गर्ने उद्देश्यले तयार पारिएको यो लेखले गुल्मी जिल्लाको गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा प्रचलित 'राजकुमारकी श्रीमती' शीर्षकको लोककथाको पर्यावरणको पारिस्थितिक प्रणालीको बाहेक अन्यको कुनै पनि अध्ययन गरेको छैन ।

## अध्ययन विधि

प्रस्तुत लेख गुल्मी जिल्लामा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथाको पारिस्थितिक प्रणालीको विश्लेषणमा आधारित रहेर तयार पारिएको छ । यो लोककथा सोद्देश्यपूर्ण नमुना छनोट विधिका माध्यमबाट गुल्मीदरबार गाउँपालिका छ बाट वाचित रूपमा सङ्कलित गरेर लिपिबद्ध गरिएको हो । लोककथाको स्रोतव्यक्तिको नाम सन्दर्भ ग्रन्थसूचीमा समावेश गरिएको छ । यो लोककथा नै लेखको प्राथमिक सामग्री हो । लेखको विश्लेषणका लागि पुस्तकालय कार्यका माध्यमबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । द्वितीयक सामग्रीबाट सङ्कलित सामग्री पर्यावरणीय समालोचनाको पारिस्थितिक प्रणालीसँग सम्बन्धित सिद्धान्त हो । पारि स्थितिक प्रणालीको अध्ययन (१) अन्तर्सम्बन्ध, (२) शक्तिको रूपान्तरण र (३) स्थानगत अस्तित्वको सिद्धान्तका आधारमा गरिएको छ । 'राजकुमारकी श्रीमती' लोककथाको विश्लेषण मानव-मानव र मानव-पशुप्राणी अन्तर्सम्बन्ध, माटो-वृक्ष वनस्पति र

जीवका बिचको शक्तिको रूपान्तरण तथा दरबार वा घर-रूख-जङ्गल-कुवामा आधारित स्थानगत अस्तित्वका अवधारणाका आधारमा गरिएको छ । लोककथाको विश्लेषण गर्दा कार्यकारण सम्बन्धको तर्कपद्धतिलाई आधार बनाइएको छ । लेख वर्णन, व्याख्या र विश्लेषण विधिमा आधारित रहेको छ ।

## सैद्धान्तिक ढाँचा

पर्यावरणीय समालोचना साहित्यिक पर्यावरणको अध्ययन गर्ने मान्यता हो । यसले साहित्यमा प्रतिविम्बित पर्यावरणको विभिन्न दृष्टिकोणबाट खोज अनुसन्धान गर्दछ । ग्लटफेल्टी (सन् १९९६) का अनुसार "...साहित्य र पर्यावरण बिचको सम्बन्धको अध्ययन गर्ने ...यसले साहित्यमा पर्यावरणको प्रतिनिधित्व कसरी भएको छ ?" भन्ने कुराको पनि अध्ययन गर्दछ (पृ.xviii) । साहित्य भनेको मानवीय कला हो भने पर्यावरण भनेको सजीव र निर्जीव र भौतिक तत्त्वबिचको अन्तर्सम्बन्ध हो । यस्तो मानवीय कलामा पर्यावरणको प्रतिविम्बको अध्ययन पर्यावरणीय समालोचनाको ध्येय हो ।

पर्यावरण पारिस्थितिक प्रणालीमा निर्भर रहन्छ । पारिस्थितिक प्रणालीमा सजीव र निर्जीव विषयवस्तुका बिचमा आपसमा अन्तर्सम्बन्ध रहेको हुन्छ । अन्तर्सम्बन्ध विविध प्रकृतिको हुन्छ । पर्यावरणमा जन्म, मरण र पुनर्जन्मजस्ता चक्रगत कुराले सन्तुलन कायम राख्दछ (कोइराला, २०८२, पृ. ३५-३६) । यस्ता कुरा पर्यावरणमा निरन्तर चलिरहेका हुन्छन् । यी कुराले नै पर्यावरणलाई गतिशील बनाएका हुन्छन् । पर्यावरणमा रहने सजीव र निर्जीव बिचको यस्तो आत्मीय अन्तर्सम्बन्धबाट यो प्रणाली सन्तुलित र परोपकारी हुन्छ (मिश्र, सन् २०१७, पृ. १६९) । आत्मीय अन्तर्सम्बन्धले पारिस्थितिक प्रणालीलाई गतिशील तुल्याएको हुन्छ भने तिक्ततापूर्ण अन्तर्सम्बन्धले पारिस्थितिक प्रणालीमा क्षति पुऱ्याउँदछ । पर्यावरणको पहिलो कानुन नै "प्रत्येक वस्तु प्रत्येक अर्को वस्तु वा कुरासँग जोडिएको हुन्छ" भन्ने रहेको छ (रुकर्ट, सन् १९९६, पृ. १०८) । पर्यावरणमा एक्लै कोही कसैको अस्तित्व नै रहँदैन । एउटा अर्कोमा निर्भर रहकै हुन्छ । पारिस्थितिक प्रणालीमा पर्यावरणका फरकफरक तत्त्वहरू आपसी अन्तर्सम्बन्धमा बाँधिएका हुन्छन् (ज्ञवाली, २०८२, पृ. २६) । यसैले फरफरक तत्त्वहरूका बिचमा अन्तर्निभरता पनि कायम भएको हुन्छ । पर्यावरणका सबै प्राणी बाँच्नका लागि वनस्पतिमा निर्भर गर्दछन् भने वनस्पति पनि पानी र हावाजस्ता कुरामा निर्भर रहेको हुन्छ (श्रेष्ठ, २०८२, पृ. २३) । "पर्यावरणमा केन्द्रको विस्थापन भएको हुन्छ र पर्यावरणका तत्त्वका बिचमा सञ्जाल खडा भएको हुन्छ...प्रत्येक वस्तु एक आपसमा सम्बन्धित रहेका हुन्छन्, केही पनि अलग्गै रहँदैनन् ...आर्ने नेइसका अनुसार जीवहरू पर्यावरणीय सञ्जालमा बाँधिएर बसेका हुन्छन्" (क्याम्पवेल, सन् १९९६, पृ. १३२) । पर्यावरणीय मान्यताअनुसार यसमा सबै पर्यावरणीय तत्त्वहरू एकआपसमा सम्बन्धमा रहेका हुन्छन् । पर्यावरणमा यी सबैले समान भूमिका खेलेका हुन्छन् । पर्यावरणका विभिन्न पक्ष बिचको अन्तर्सम्बन्धले खाद्यचक्र निर्माण गरेको हुन्छ । पर्यावरणमा खानाले सबैलाई शक्ति दिएको हुन्छ । कसले के खान्छ ? कुन तत्त्व खाइन्छ ? कसलाई खाँदा के कुरा नाश भई के कुरा शक्तिशाली हुन्छ भन्ने कुराले शक्तिको सिर्जना गर्दछ (भट्टराई, २०६४, पृ. २०६) । पर्यावरणमा खानाको पनि आफ्नो चक्र हुन्छ । त्यसलाई खाद्यचक्र पनि भनिन्छ । खाना भनेको शक्तिको त स्थानान्तरण हो (एटम, २०६८, पृ. ३१५) । खानाकै माध्यमबाट एउटासँग भएको शक्ति अर्कोमा पुगेको हुन्छ । "...सौर्य शक्ति र वनस्पतिले आहाराको प्रारम्भिक आधार खडा गरेपछि तिनलाई खपत गर्ने...मृगहरू त्यहाँ जीवननिर्वाह गर्न आइपुग्छन् । तिनलाई आहारा बनाउने बाघ चितुवा

हुन्छन् । बाघ, चितुवा एवम् अरू पशुपन्छी र वनस्पति मरेपछि सडेर गलेर फेरि माटो र हावामा लिन हुन्छन्” (श्रेष्ठ, २०८०, पृ. ५४) । आहाराको चक्र भनेको शक्तिको प्रवाह पनि हो । शक्ति पारिस्थितिक प्रणालीमा एकतर्फी बगिरहने तत्त्व हो, जुन न त नाश हुन्छ न त सिर्जना नै हुन्छ तर सञ्चित, पुन: नवीकरण र रूपान्तरित भने भइरहेको हुन्छ (रुकर्ट, सन् १९९६, पृ. १०९) । शक्तिको स्रोत खाद्यचक्रमा भौतिक र जैविक कुरा आएका हुन्छन् । खाद्यचक्रमा आउने जैविक र भौतिकको निश्चित वासस्थान रहेको हुन्छ । पर्यावरणले “पारिस्थितिक प्रणालीभित्र कुनै पनि जीव र ऊ बस्ने भौतिक अवस्थाका बारेमा अध्ययन गर्दछ” (रेग्मी, २०६९, पृ. ४५) । जीव बस्ने भौतिक अवस्था भनेकै उसको वासस्थान हो । आजसम्मको वैज्ञानिक खोजले सबै जीवको वासस्थान पृथ्वी नै मानेको छ । यो पृथ्वी सबैको साझा घर हो (त्रिपाठी, २०७५, पृ. ७६) । जीव रहने स्थल भएकाले पृथ्वी पनि पर्यावरण नै हो ।  पर्यावरणमा सबैका वासस्थान अलगअलग रहेका हुन्छन् । त्यही जीवले आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्ष पनि गरेको हुन्छ (पोलेकोभा र स्टर्च, सन् २०१८, पृ. २) । सङ्घर्षका क्रममा कोही नासिएर जान्छ भने कोहीले आफूलाई अस्तित्वशील तुल्याउँछ । आफूलाई अस्तित्वशील गराउन नसक्दा पर्यावरणका सजीव र निर्जीव विषयवस्तुले कि त त्यो वासस्थान छाड्दछन् कि त मर्दछन् । “पर्याप्त खाना, सुरक्षित बास, सहनीय ताप, प्रतिष्पर्धात्मक क्षमता आदिका आधारमा नै कुनै जीवको अस्तित्व रहने र नष्ट हुने गर्छ” (एटम, २०६८, पृ. ३१५) । वासस्थानमा नै सजीव र निर्जीवको आपसी अन्तर्क्रिया भएको हुन्छ । त्यो अन्तर्क्रियाले अनुकूलता र प्रतिकूलताको निर्धारण गर्दछ । कुनै पनि विषयवस्तुले आफूलाई चाहिने खाना, आवास, जलवायु, तापक्रम तथा प्रतिष्पर्धी वासस्थानमा नै पाउँदछ (भट्टराई, २०६४, पृ. २०६) । यस्तो गतिविधिबाट नै पर्यावरणीय प्रणाली गतिशील हुन्छ ।

पर्यावरणीय समालोचनासम्बन्धी यसै सिद्धान्तका आधारमा गुल्मी जिल्लामा प्रचलित ‘राजकुमारकी श्रीमती’ लोककथाको पारिस्थितिक प्रणालीको अध्ययन आगामी उपशीर्षकमा गरिएको छ ।

## नतिजा र छलफल

गुल्मी जिल्लामा प्रचलित ‘राजकुमारकी श्रीमती’ लोककथामा राजकुमार, उसले ल्याएकी कन्या र चमारेकी छोरीका बिचमा अन्तर्सम्बन्ध रहेको पाइन्छ । यो मानव र मानवका बिचमा रहेको अन्तर्सम्बन्ध हो । यो लोककथामा मानव र स्याल तथा कागसँग पनि अन्तर्सम्बन्ध रहेको पाइन्छ । यसमा रूख र पानीसँग मानवको अन्तर्सम्बन्ध कायम भएको देखिन्छ । यो लोककथामा मान्छे, पशु पन्छी र वृक्ष वनस्पति बिचको यही अन्तर्सम्बन्धले पारिस्थितिक प्रणाली निर्माण भएको छ । लोककथामा पारिस्थितिक प्रणाली भत्काउन खोज्ने चमारेकी छोरी दण्डित भएको पाइन्छ । यो लोककथाको कथानक राजकुमारबाट सुरु भई राजकुमारमै पुगेर समाप्त हुँदा पीरिस्थितिक प्रणाली पनि पूर्ण भएको छ । यसमा जैविक र अजैविक बिचको विभिन्न खाले  अन्तर्सम्बन्धबाट खाद्यचक्र निर्माण भई शक्तिको रूपान्तरण पनि भएको पाइन्छ । यो लोककथामा राजकुमार, उसकी कन्या र चमारेकी छोरीले माटोमा हुर्किएका वृक्ष वनस्पतिको उत्पादन खाएर आफूलाई शक्तिशाली तुल्याएका छन् । यसमा काग र स्यालले अन्नका अतिरिक्त जीवको पनि मासु खाएर शक्तिको रूपान्तरण आफूमा गराएको पाइन्छ । लोककथाका मान्छे, पशुपन्छी तथा वृक्ष वनस्पतिसमेत मरणशील भएकाले ती मरेर पुन: माटोमा नै मिल्न गई शक्तिको रूपान्तरण भएको छ । लोककथामा चमारेकी पानी बोक्ने छोरीले राजकुमारकी श्रीमतीलाई मारेर शक्तिको रूपान्तरण आफूमा गराउन खोजेकी थिई तर आफै पारिस्थितिक प्रणाली भत्काउन खोज्दा दण्डित हुनपुगेकी छ ।

लोककथामा आएका मान्छे र पशुपन्छीको वासस्थान स्थल, जल र नभ बनेको पाइन्छ । राजकुमारकी श्रीमतीको वासस्थान परिस्थितिवश थल, नभ र जल तिनै क्षेत्र बन्न पुगेको छ भने चमारेकी पानी बोक्ने केटीको वासस्थान पनि थल र नभमा भएको देखिन्छ । राजकुमारको अस्तित्व भने थलमै रहेको छ । मान्छेको स्थानगत अस्तित्व पनि थल, नभ र जलले जोगाएको पाइन्छ । यो लोककथामा नभचर प्राणी काग पनि आएको छ । ऊ आकाशमा उडेको छ भने रूखमा वास बसेको पाइन्छ । मानवेतर प्राणी स्याल भने जङ्गलमा बसेको छ । यी जीवको स्थानगत अस्तित्वले पनि अन्तर्सम्बन्ध कायम गरेर शक्ति आर्जन गर्नका लागि सहयोग गरेको देखिन्छ । लोककथामा मानव र मानवेतर अन्तर्सम्बन्ध, जीव-वनस्पति र माटोको शक्तिको रूपान्तरण तथा दरबार, रूख, पानीजस्ता स्थानगत अस्तित्वले पारिस्थितिक प्रणालीलाई चिनाएको पाइन्छ । यो लोककथाको विभिन्न उपशीर्षकमा गरिएको छलफल लेखको तलको भागमा प्रस्तुत गरिएको छ :

## 'राजकुमारकी श्रीमती' लोककथामा अन्तर्सम्बन्ध

'राजकुमारकी श्रीमती' लोककथामा मानव र मानवका बिचमा, मानव र चराका बिचका प्रत्यक्ष सम्बन्ध रहेको छ । यस्तो सम्बन्धमा राजकुमार र सुन्दरी, सुन्दरी र चमारेकी छोरी, राजकुमार र काग आएका छन् । यस्तै अप्रत्यक्ष अन्तर्सम्बन्धमा राजकुमारको परिवार, सुन्दरीको पविार, रूख र पानी पनि आएका छन् तर यो लेखमा भने प्रत्यक्ष अन्तर्सम्बन्धको मात्रै विश्लेषण गरिएको छ । लोककथाको कथानक राजकुमारबाट सुरु भई राजकुमारमै आइ टुङ्गिएको छ ।

'राजकुमारकी श्रीमती' लोककथाको प्रमुख पात्र राजकुमार हो । राजकुमार भएकाले ऊ क्षत्रीय वंशको व्यक्ति हो । ऊ आफ्नो दरबारबाट श्रीमतीको खोजीमा निस्किएको छ । आफ्ना बाबुआमासँग बसेको ऊ उमेर पुगेकाले श्रीमती खोज्न हिँडेको हो । ऊ हिजोआज बाबुआमासँग बसेको छ भने भोलि ऊ श्रीमतीसँग बस्नेछ । उसको अन्तर्सम्बन्ध एकातिर बाबुआमासँग जोडिएको छ भने अर्कोतिर श्रीमतीसँग पनि जोडिन पुगेको छ । श्रीमती खोज्न हिँडेको राजकुमारका बारेमा लोककथाको तलको अंशमा यसप्रकारले वर्णन गरिएको छ :

> राजकुमार एक्दिन बिहा गर्न भनेर घराट हिँडेच । जाँदाजाँदै त्यो त एउटा बाउनको घरमा पो पुगेच । त्यो घरमा बाउनकी छोरी रहिचन । उसले ती कन्यलाई मागेच र लिएर हिँडेच । घर नजिकैको पर्दैंरामा पुगेर राजकुमारले कन्यालाई भनेच, "तिमी सुन्दरी छ्यौं, मेरा बा आमाले पत्यानुहुन्न, तिमी यहीँ रुख चढेर बस । म घर गई बाआमालाई भनेर तिमीलाई लिन आउँचु ।" (ज्ञवाली, २०८२)

क्षत्रीय वंशको राजकुमार श्रीमती खोज्दै ब्राह्मण जातिको घरमा पुगेको छ तर पनि उसले कुराकानीमार्फत जातीय समस्या हल गरेर प्रजातिगत सम्बन्ध स्थापित गरेको छ । उसले क्षत्रीय र ब्राह्मण जातिका बिचमा बिहे गरेर अन्तर्जातीय सम्बन्ध पनि कायम गरेको छ । यस्तो अन्तर्जातीय बिहेलाई घर परिवारले नस्वीकार्ने भएकाले उसले आफूले ल्याएकी केटीलाई पर्धैंराको रूखमा लुकाएर आएको छ । उसका बाआमाले त्यो कन्या सुन्दरी भएकीले क्षत्रीय वंशकी हो भन्ने कुरा पत्याउँदैनन् भन्ने डर उसलाई लागेको छ । राजकुमारसँग दुई चार दिनमा आफ्नो परिवारलाई ब्राह्मण जातिकी छोरीलाई स्वीकार गर्न लगाउन सक्ने विश्वास रहेको छ । उसले श्रीमती लुकाएको पर्धैंरामा चमारेकी पानी बोक्ने केटी आएकी छ । उसको काम नै पानी बोक्ने रहेको छ । ऊ चमार जातिकी भएकीले जातीय विभेदको सिकार भएकी छ । ऊ कुसंस्कारले गर्दा समाजको सबैभन्दा पिँधमा परेर नराम्री बन्न

विवश छ । राजकुमारले तल्लो जातिकी भनिएकीले उसलाई बिहे गर्ने प्रस्ताव गर्न सकेको छैन तर ऊ त श्रम गर्ने परिवारकी छोरी भएकीले शारीरिक रूपमा भने शक्तिशाली रहेकी छ । पधेँरामा पानी भर्दा उसले रूखमा बसेकी सुन्दर स्त्रीलाई देख्न पुगेकी छ । त्यसपछि चमारेकी छोरीले फकाइफुल्याइ राजकुमारकी स्त्रीलाई रूखबाट ओरालेकी छ । लैङ्गिक र प्रजातिगत हिसाबले उनीहरूका बिचमा मित्रताको आवश्यकता देखिन्थ्यो तर यहाँ उनीहरूको राजकुमारसँग सम्बन्ध गाँस्ने प्रतिष्पर्धाले शत्रुता रहेको छ । त्यही शत्रुताका कारण चमारेकी छोरीले राजकुमारकी श्रीमतीलाई बोटबाट ओरालेर कुवामा धकेदिएकी छ । उसलाई धकेदिएपछि आफू भने रूखमा चढेर उसको ठाउँमा बसेकी छ । बुबाआमालाई फकाउन गएको राजकुमार दुई चार दिनपछि फर्केर आई रूखबाट ओराल्दा श्रीमतीको स्वरूप फरक देख्न पुगेको छ तर पनि आफैँले राखेकी श्रीमती भएकीले ऊ चमारेकी छोरीलाई लिएर घर जान बाध्य भएको छ । प्रजातिगत हिसाबले समान भएकीले पनि राजकुमारले चमारेकी छोरीलाई अस्वीकार भने गर्न सकेको छैन । चमारेकी छोरी पनि राजकुमारसँग बिहे गर्नका लागि इच्छुक देखिएकी छ । केटो दरबारको राजकुमार र शारीरिक हिसाबले पनि बलियो भएकाले चमारेकी छोरी ऊ प्रति आकर्षित भएकी थिई । त्यसकारण चमारेकी छोरीले कन्यालाई कुवामा धकेदिएर राजकुमारसँग आफूले बिहे गर्न खोजेकी थिई । अन्याय तथा विभेद हुन थालेपछि मानवेतर प्राणी काग र स्याल राजकुमारसँग मित्रताको सम्बन्ध गाँस्न आइपुगेका छन् । अब भने मानव र मानवका बिचमा सीमित सम्बन्ध मानवेतर पन्छीसम्म बिस्तार हुन पुगेको छ । पधेँराबाट डोलामा राखेर चमारेकी छोरीलाई घर लैजाँदा पन्छी तथा स्याल कराएर राजकुमारको बाटो अवरुद्ध पार्न खोजेका छन् । उनीहरूको होहल्लाले राजकुमारले हिँडालेको डोली भने रोकिएको छैन । डोली नरोकिएपछि काग बोल्न बाध्य भएको छ । काग त मानवजगत्मा सन्देश सम्प्रेषण गर्ने पन्छी पनि हो । उसले त विगतदेखि नै सन्देशको सम्प्रेषण गर्दै पनि आइरहेको पनि देखिन्छ । उसलाई पधेँराको सम्पूर्ण घटनाक्रम थाहा भएको थियो । त्यसैले उसले भनेको छ, "राजाकी रानी कुवै परी, चमारेकी पानी बोकुवा डोली परी" (ज्ञवाली, २०८२) । कागले यसो भनेपछि राजकुमारले वास्तविकता थाहा पाएको छ । त्यसपछि ऊ आफ्नी श्रीमती खोज्न कुवामा गएको छ । कुवामा गएर उसले आफ्नी प्रेमिकालाई निकालेको छ भने चमारेकी छोरीलाई पधेँरामा पुऱ्याएर दण्डित गरेर छाडिदिएको छ । यदि मानवेतर पन्छीसँग राजकुमारको अन्तर्सम्बन्ध कायम हुने थिएन भने उसकी प्रेमिकाको कुवामा रहँदा प्राण जान सक्दथ्यो । अर्कोतिर चमारेकी छोरी दरबारकी राजा हुन सक्ने अवस्था सिर्जना हुन सक्दथ्यो । यो कुरालाई मानवेतर पशुपन्छी र मान्छेका बिचको अर्न्तसम्बन्धले रोकेको छ । राजकुमारकी श्रीमतीमाथि चमारेकी पानी बोक्ने केटीले गरेको अन्याय पशुपन्छीकै कारण रोकिएको छ । यो लोककथामा राजकुमार र पशुपन्छीका बिचको अन्तर्सम्बन्ध पनि आत्मीय रहेको पाइन्छ भने राजकुमार र चमारेकी छोरीका बिचमा भने शत्रुतापूर्ण सम्बन्ध रहेको छ । लोककथाका मानव र मानवेतर तथा भौतिक वस्तु हरेक एक आपसमा अन्तर्सम्बन्धित रहेका छन् ।

'राजकुमारकी श्रीमती' लोकककथाको अप्रत्यक्ष सम्बन्धमा राजकुमारका बुबाआमा, कन्याका बुबाआमाजस्ता मानव पनि आएका छन् । पधेँरामा रहेको रूख र पानीजस्ता वृक्ष तथा भौतिक तत्त्वको पनि यसमा उपस्थिति रहेको छ । यी कुराहरू लोककथाको कथानकमा सक्रिय उपस्थित छैनन् । लोककथामा यिनको उपस्थिति अप्रत्यक्ष किसिमले रहेको पाइन्छ । प्रत्यक्ष अन्तर्सम्बन्धमा गाँसिएर मानव तथा पशुपन्छी आएका छन् । लोककथाको कथानक राजकुमार प्रेमिका वा श्रीमती खोज्ने

हिँडेबाट सुरु भएर बिहे गरेर घर ल्याएपछि पूर्ण भएको छ । राजकुमारको पारिस्थितिक प्रणाली भत्काउन खोज्ने चमारेकी पानी बोकुवा दण्डित भएकी छ । यसैले यो लोककथामा मानव र मानव तथा मानव र मानवेतरका बिचमा आत्मीय र शत्रुतापूर्ण अन्तर्सम्बन्धमा पारिस्थितिक प्रणाली निर्माण भएको देखिन्छ । पर्यावरणीय सञ्जाललाई बिथोल्न खोज्ने तत्त्व नासिँदा पर्यावरण गतिशील बन्न पुगेको छ ।

## 'राजकुमारकी श्रीमती' लोककथामा शक्तिको रूपान्तरण

'राजकुमारकी श्रीमती' लोककथामा मानव, पशुपन्छी र लोककथामा मानव, पशुपन्छी र वृक्षवनस्पति आएको पाइन्छ । यसमा मानव पात्रहरूमा राजकुमार, राजकुमारले ल्याएकी श्रीमती, पानी बोक्ने केटी आएका छन् भने पशुपन्छीमा स्याल र काग रहेका छन् । लोककथामा रूखको पनि उपस्थिति रहेको छ । लोककथामा मानवले वृक्ष वनस्पतिबाट आफूमा शक्तिको रूपान्तरण गराएको पाइन्छ भने पशुपन्छीले पनि वृक्ष वनस्पति तथा जीवबाट शक्ति आर्जन गरेका छन् । वृक्ष वनस्पतिले पुनः माटोबाट नै आफ्नो शक्ति प्राप्त गरेको पाइन्छ । त्यसैले लोककथामा माटो-वनस्पति-जीव र माटोको खाद्यचक्र निर्माण भएको छ ।

'राजकुमारकी श्रीमती' लोककथामा राजकुमार, उसले ल्याएकी कन्या र पानी बोक्ने केटीको शक्तिको स्रोत अन्न र पानी रहेको छ । उनीहरूले खाने अन्नको उत्पादन वृक्ष वनस्पतिबाट भएको छ । दरबारमा शासन व्यवस्था चलाएर बस्ने राजकुमारलाई आफ्नो मात्रै एक्लो शक्तिले पुगेको छैन । उसलाई त शासन व्यवस्था चलाउन श्रीमतीको शक्तिको पनि आवश्यकता परेको छ । त्यसका लागि उसले गाउँबाट ब्राह्मणकी छोरीलाई लिएर आएको छ । त्यो कन्याले पनि अन्नपानीबाट नै शक्ति प्राप्त गर्दछे । यो लोककथामा पानी पनि शक्तिको स्रोत बनेको देखिन्छ । यसले लोककथाका पात्रहरूलाई शीतल र शान्त पनि तुल्याएको छ । पानीले उनीहरूको तिर्खा र भोक पनि मेटाएको छ । यो लोककथामा राजकुमारले कन्यालाई पधेँराको रूखमा लुकाएर घर आएको छ । त्यसरी लुकेकी कन्याले धेरै दिनसम्म पानी खाएर आफ्नो प्राण धानेकी छ । त्यसैले यसमा पानी पनि शक्तिको स्रोत बनेको हो । चमारेकी पानी बोक्ने केटीले पनि पानी लिएर घर गएकी छ । पानी त वृक्ष वनस्पतिको पनि शक्तिको एक स्रोत हो । वृक्ष वनस्पतिले पर्याप्त पानी पाए मात्रै अन्नबाली दिन सक्दछन् । वृक्ष वनस्पतिलाई मलको पनि आवश्यकता पर्दछ । रूखमा लुकेर बसेकी कन्यालाई देखेपछि कुवामा धकेलि दिएर चमारेकी पानी बोक्ने केटीले वृक्ष वनस्पतिलाई मल जुटाउने प्रयास गरेको कुरा लोककथाको तलको अंशमा वर्णन गरिएको छ :

> त्यो सुन्दरीलाई उल्ले फकाइफुल्याइ तल झार्न थालिचे तर ऊ भने झर्न मानिन्चे । अनेक गर्दा पनि रूखाट नझरेपछि चमारेकी पानी बोकुवी केटी रूखाँ चढेर त्यो सुन्दरीलाई भुइँमा झारिचे । कपालमा कति जुम्रा परे होलान् भन्दै कोरिदिइचे । तिम्लाई न्वाइदिन्चु भन्दै कपडा खोलिदिइचे । त्यसपछि म कस्ती हुन्चु भनेर ती कपडा आफूले लगाइचे अनि सुन्दरीलाई आफ्ना कपडा लगाउन दिइचे । त्यसपछि त्यो सुन्दरीलाई पधेँराको कुवामा घुचेटिइदिइचे । आफू भने रूखाँ टुप्पामा गएर बसिचे । (ज्ञवाली, २०८२)

चमारेकी पानी बोक्ने केटीलाई राजकुमारले अर्की केटी बिहे गरेर शक्ति आर्जन गर्न लागेको कुरा मन परेको थिएन । ऊ स्वयंले दरबारकी राजकुमारी बन्न चाहना गरेको देखिन्छ तर राजकुमारले भने अर्की कन्या लिएर आएपछि ऊ आफ्नो शक्ति क्षीण हुन लागेको अनुभव गर्न पुगेकी छ । उसलाई शक्ति आर्जन गर्नका लागि अन्नपानीको जरुरत परेको छ । अन्नपानी उत्पादन वृक्ष वनस्पतिबाट नै हुन्छ । वृक्ष वनस्पतिलाई मलको आवश्यकता पर्दछ । मल

भएन भने वृक्ष वनस्पतिले अन्नपानी दिन सक्ने कुरा भएन । राम्रो बोटविरुवाले मात्रै पानीलाई सञ्चित गरेर आफूमा राखी आवश्यकताअनुसार अन्य जीवका लागि उत्पादन गर्न सकेका हुन्छन् । यो लोककथामा पनि पधँराका बोटविरुवाका लागि मलको आवश्यकता थियो । त्यसकारण चमारेकी पानी बोक्ने केटीले राजकुमारले लुकाएकी कन्यालाई रूखबाट ओरोलेर कुवामा धचेटिदिएकी थिई । कुवाबाट बाहिर आउन नसके पनि राजकुमारकी श्रीमतीको प्राण जाने खालको पानी त्यहाँ थिएन । कुवामा पानी थोरै भएकाले नै ऊ नडुबेको देखिन्छ । कुवामा डुबेको भए उसको मृत्यु हुन्थ्यो । त्यसको मृत्यु भएको भए त्यसको शरीर त्यही सड्दथ्यो । उसको सडेको शरीरबाट केही खाद्यान्न जीव तथा वनस्पतिले प्राप्त गरेका हुन्थे भने शरीरको केही भाग सडेर मलमा परिणत भएको हुन्थ्यो । त्यही उद्देश्यले चमारेकी पानी बोक्ने केटीले उसलाई कुवा धकेलिदिएकी थिई । उसलाई मारेपछि आफू थप शक्तिशाली हुने उसको आशा रहेको थियो किनभने एकातिर मल पाएका वृक्षवनस्पतिबाट राम्रो अन्न उत्पादन भई उसले खान पाएकी हुन्थी भने अर्कोतिर दरबारको सुखसयलबाट थप शक्ति आर्जन गर्ने सम्भावना रहेको थियो । दरबार त भोगविलासको केन्द्र भएकाले अन्नपानीमा मात्रै त्यो ठाउँ सीमित रहँदैनथ्यो, त्यहाँ मासांहार पनि हुन्थ्यो । त्यहाँ बस्ने राजा महाराजाहरूले त घरपालुवा तथा वन्यजन्तुको समेत शिकार गरेर माछामासु पनि प्रशस्त खाने देखिन्छ । त्यसैले चमारेकी पानी बोक्ने केटीले राजकुमारकी कन्याको नाश गरेर त्यसको शक्ति पर्यावरणका जीव तथा वृक्ष वनस्पतिमा रूपान्तरण गराउन खोजेकी थिई ।

लोककथामा काग र स्यालको पनि उपस्थिति रहेको छ । स्यालको चर्चा प्रासङ्गिक रूपमा भएको छ भने काग भने सन्देशवाहकका रूपमा प्रत्यक्ष नै उपस्थिति रहेको छ । यी दुवैले अन्न र मासुबाट शक्ति आर्जन गरेका छन् । कागले अन्न पनि खान्छ भने उसका लागि मासु पनि प्रिय खाद्यान्न हो । दरबारको प्रियपात्र हुँदा नै स्याललाई मासु प्राप्त हुने देखिन्छ । राजा तथा राजकुमारले खाएर फालेका मासु पनि उसका लागि शक्तिका स्रोत बन्न सक्छन् । कुवामा परेकी कन्या मरेको भए पनि कागले पानीभित्र पसेर उसको मासु खान सक्ने देखिँदैन । त्यसकारण उसले राजकुमारलाई उसकी कन्या कुवामा परेको बताएको छ । यो सन्देश बताएर ऊ दरबारको प्रिय भई थप शक्ति आर्जन गर्ने काममा लागेको छ । चमारेकी छोरीको पक्ष लिएको भए उसले आफूलाई आवश्यक पर्ने मासु प्राप्त गर्न सक्ने देखिँदैन । त्यसकारण कागले पनि राजकुमारको पक्ष लिएको देखिन्छ । स्यालले पनि राजकुमारकै पक्ष लिएको छ । दरबारको नजिक रहेको स्याल त्यहाँ आउने मासु खाएर शक्ति आर्जन गर्ने लालसामा देखिएको छ । लोककथामा रूखको कुरा पनि आएको छ । त्यो रूखमा पहिले राजकुमारकी कन्या र पछि चमारेकी पानी बोक्ने केटी लुकेर बसेका छन् । रूखले खाद्यान्न माटो, पानी, हावा, प्रकाश आदिबाट प्राप्त गरेको छ । त्यस्तो खाद्यान्न प्राप्त गरेर रूख ठुलो र अग्लो बनेको छ । त्यो रूख चिसो र मलिलो ठाउँमा परेकाले नै ठुलो र अग्लो भएको हो । यसमा पानी र माटोबाट शक्ति रूपान्तरण भएको छ । रूखले माटोबाट शक्ति आर्जन गरेको छ । रूखले अन्नपानी दिएको छ । त्यो अन्नपानी राजकुमार, उसकी कन्या र पानी बोक्ने केटीले उपयोग गरेका छन् । यस्तो उपयोगबाट उनीहरूले रूखको शक्ति आफूमा रूपान्तरण गराएका छन् । मानव शाकाहारी र मांसाहारी जीव भएकाले अन्नपानीका अतिरिक्त माछा र मासु पनि उनीहरूको आहारा वा शक्तिको स्रोत भएको छ । लोककथामा आएका पशु पन्छी पनि अन्नपानी तथा जीवलाई खाएर शक्ति आर्जन गर्दछन् । मान्छे तथा पशुप्राणी मरणशील भएकाले ती पुनः माटामा मिल्न पुग्ने देखिन्छ ।

उनीहरूको शक्तिको रूपान्तरण माटोमा भएको छ । यही शक्तिको रूपान्तरण प्रक्रियाले लोककथामा पारिस्थितिक प्रणालीलाई सन्तुलित तुल्याएको छ ।

## 'राजकुमारकी श्रीमती' लोककथामा स्थानगत अस्तित्व

'राजकुमारकी श्रीमती' लोककथामा मानव र पशुपन्छी पात्रका रूपमा प्रयोग भएको पाइन्छ । यी बाहेक वृक्ष वनस्पतिको पनि लोककथामा भूमिका रहेको पाइए पनि ती प्रत्यक्ष क्रियाशील भने छैनन् । यो लोककथामा आएको दरबार, गाउँघर, बाटोघाटो, पधेँरा, रूख नै पात्रको स्थानगत अस्तित्व भएका ठाउँ हुन् ।

लोककथाको प्रमुख पात्र राजकुमार हो । राजकुमार राजाको छोरा भएकाले ऊ दरबारमा बसेको देखिन्छ । दरबारमा उसका साथमा उसका बाबुआमा मात्रै रहेका छैनन्, सुरक्षाका लागि रहने प्रहरी तथा सैनिक र अन्य कर्मचारीसमेत त्यहाँ बसेका छन् । दरबार भनेको देशको शासन व्यवस्था चलाउने प्रमुख स्थल हो । त्यसैले दरबारको भौगोलिक क्षेत्रफल सामान्य नागरिकको घर जस्तो सानो नभएर धेरै रहेको हुन्छ । दरबारमा राजा महाराजाहरूले मन बहलाउनका लागि बागबगैँचाको पनि व्यवस्था गरेका हुन्छन् । बाग बगैँचामा वृक्ष वनस्पतिदेखि जीवहरूको समेत उपस्थिति रहेको हुन्छ । यसैले दरबारमा मान्छे मात्रै नभएर वृक्ष वनस्पति र जीवजन्तुको पनि अस्तित्व रहेको हुन्छ । यो लोककथामा भने राजकुमार र उसका बाबुआमाको मात्रै प्रसङ्ग आएको पाइन्छ । यसमा बाबुआमाको चर्चा पनि प्रसङ्गवश भएको छ तर उनीहरूको उपस्थिति भने प्रत्यक्ष रहेको पाइँदैन । यो लोककथाको मानव पात्र राजकुमारको स्थानगत अस्तित्व दरबारसँग सम्बन्धित रहेको छ । उसको अस्तित्व दरबारभन्दा बाहिर रहन सक्दैन भन्ने देखिन्छ ।

राजकुमारले आफ्नो विवाहका लागि ब्राह्मणकी कन्यालाई लिएर आएको छ । ब्राह्मणकी कन्या सामान्य नागरिककी छोरी भएकीले उसलाई तुरुन्तै दरबार अनुकूल हुन नसक्ने अनुमान राजकुमारले लगाएको छ । त्यसैले उसले त्यो कन्यालाई पधेँराको कुनै अग्लो रूखमा लुकाएर राजकुमार एक्लै दरबार फर्केको छ । उक्त कुराको वर्णन लोककथामा यसप्रकारले वर्णन भएको पाइन्छ :

> घर नजिकैको पदेराँ पुगेपछि राजकुमारले भनेच, "तिमी सुन्दर छ्यौ, मेरा बाआमाले पत्यानुहुन्न, तिमी यहीको रुखाँ चढेर बस् । म घर गएर बाआमालाई मनाइ तिमीलाई लिन आउँचु ।" यो कुरा भनी आफ्नी सुन्दर श्रीमतीलाई रूखाँ राखेर ऊ घर गएच । घराँ गएपछि उसले आमाबाबुलाई मनाउन केही दिन लगाएच । (ज्ञवाली, २०८२)

राजकुमार बास बस्नका लागि आफ्नो घर फर्किएको भए पनि उसले ल्याएकी कन्या भने पधेँराको अग्लो रूखमा बास बस्न विवश भएको देखिन्छ । रूख कन्याका लागि दुई चार दिनको वासस्थान बनेको छ । त्यो रूखले कन्यालाई जीवजन्तुबाट सुरक्षा दिएको छ । रूखले कन्याको तात्कालिक स्थानगत अस्तित्वलाई सुरक्षित गरिदिएको छ । यदि रूख नभएको भए उसको अस्तित्व सुरक्षित रहन सक्ने देखिन्न तर लामो समय पनि मान्छे रूखमा बस्न सक्दैन । चमारेकी पानी बोक्ने केटीले उसलाई त्यहाँबाट ओरालेकी छ । आफ्नो पधेँराको रूखमा बसेकीले उसलाई डाहा र ईर्ष्या पनि भएको हुनुपर्छ । उसले रूखबाट दरबार जान लागेको पनि थाहा पाएकी छ । त्यसैले उसलाई मारेर आफू दरबारमा बस्न जान उद्देश्यले कन्यालाई कुवामा धकेलिदिएकी छ । आफू भने फेरि रूखमै चढेर राजकुमारको प्रतिक्षा गरेकी छ । त्यो रूखले राजकुमारकी श्रीमतीको मात्रै नभएर चमारेकी पानी बोक्ने केटीको पनि सुरक्षा गरेको छ । उनीहरूको स्थानगत अस्तित्वको सुरक्षा रूखले नै गरेको देखिन्छ । केही दिनपछि राजकुमार फर्केर आई रूखबाट ओरालेर त्यो केटीलाई डोली चढाइ आफ्नो दरबारतिर लिएर हिँडेको छ । त्यो केटीको अस्तित्व दरबारमा रहन

सक्ने देखिँदैन किनभने त्यो राजकुमारले ल्याएर लुकाएकी कन्या थिइन । त्यसकारण स्याल र चराले हल्ला गरेका छन् । अन्तिममा कागले तेरी श्रीमती त कुवामा परेकी छ भनिदिएको नै छ । त्यसरी भनिदिएपछि चमारेकी पानी बोक्ने केटीको अस्तित्व धरापमा परेको छ । उसले चमारेको घरमा पनि राम्रो वासस्थान नपाएकीले दरबार जान खोजेकी देखिन्छ । घरमा काम मात्रै गर्नुपर्ने भएकाले पनि उसले चमारेको घरमा पनि राम्रो स्थानगत अस्तित्व पाएकी छैन । कागले दिएको सन्देशले गर्दा उसको दरबारको स्थानगत अस्तित्व फुत्किएको छ । त्यसलाई बाटामै अलपत्र छाडेर राजकुमार कुवामा परेकी आफ्नी श्रीमतीलाई खोज्नका लागि गएको छ । कुवामा गएर खोज्दा श्रीमती भेटिएकी पनि छ । कुवा त कन्याको वासस्थान होइन तर पनि पानी थोरै भएकाले उसको प्राण भने बचेको देखिन्छ । पधँराको कुवामा पानी धेरै नभएकाले कन्या डुब्ने अवस्था थिएन । त्यसको ज्यान पानीमा डुब्ने अवस्था नभएकाले नै जोगिएको हो । ऊ सामान्य जनताकी छोरी भएकीले पनि रूखमा पनि र पानीमा पनि बस्न सकेकी छ । उसको स्थानगत अस्तित्व रूखले पनि र पानीले पनि जोगाएको पाइन्छ । लोककथामा स्याल र कागको पनि उपस्थिति रहेको छ । लोककथाको स्याल थलचर जङ्गली जन्तु हो । उसको वासस्थान जङ्गल नै भएकाले स्थानगत अस्तित्व जङ्गलमै सुरक्षित रहेको हुन्छ । यो लोककथाको काग भने आकाशमा उड्ने र रूखमा बस्ने पन्छी हो । त्यसैले उसको अस्तित्व नभ अर्थात् आकाशमा सुरक्षित रहेको छ । उसले राजकुमारलाई सन्देश पनि उडेर नै भनेको छ ।

यो लोककथाका मानव र मानवेतर पशुपन्छी सबैले स्थानीय पारिस्थितिक प्रणालीमा रहेर जीविका निर्वाह गरेका छन् । मान्छेको घर र पधँरामा भएका रूख तथा कुवाले स्थानगत अस्तित्व सुरक्षित गरिदिएको पाइन्छ भने काग र स्यालको स्थानगत अस्तित्व जङ्गल तथा आकाशले गरिदिएको छ । आआफ्नो स्थानगत अस्तित्व सुरक्षित राखेर यी जीवजन्तुले पारिस्थितिक प्रणालीलाई गतिशील बनाएका छन् ।

## निष्कर्ष

यो लेखमा गुल्मीमा प्रचलित 'राजकुमारकी श्रीमती' लोककथाको पर्यावरणीय पारिस्थितिक प्रणालीको अध्ययन गरिएको छ । लोककथामा प्रतिविम्बित पर्यावरणको पारिस्थितिक प्रणाली सन्तुलित नै रहेको पाइन्छ । पारिस्थितिक प्रणालीलाई सन्तुलित गराउनका लागि राजकुमार, उसकी श्रीमती, चमारेकी छोरी, पन्छी, वनस्पति आदिले आआफ्नो स्थानबाट भूमिका खेलेको पाइन्छ । उनीहरूले खेलेको भूमिकाकै कारणले गर्दा पारिस्थिति प्रणाली गतिशील भएको छ । पारिस्थितिक प्रणालीलाई असन्तुलित बनाउन खोज्दा चमारेकी छोरीलाई मानव र मानवेतर प्राणी मिलेर दण्डित गरेको पाइन्छ । लोककथामा सिर्जित खाद्यचक्रले पारिस्थितिक प्रणालीलाई गतिशील बनाएको छ भने जीव, वनस्पति र निर्जीव वस्तुले आआफ्नो वासस्थानमा रहेर प्रणालीका लागि कार्य गरेको पाइन्छ । यो लोककथामा शक्तिको रूपान्तरण माटोबाट वनस्पतिमा, वनस्पतिबाट जीवमा र जीवबाट पुनः माटोमा भएको छ । राजकुमार, उसकी कन्या र चमारेकी छोरीले अन्नबाट शक्ति प्राप्त गरेका छन् । यसमा काग र स्याल शिकारी जन्तु भए पनि राजकुमारकी श्रीमतीलाई भने बचाएका छन् । चमारेकी छोरीले राजकुमारकी श्रीमतीलाई मारेर उसको शक्ति माटोमा रूपान्तरण गराउने प्रयास गरेकी भए पनि सफल हुन सकेकी छैन । लोककथाको स्थानगत अस्तित्व थल, नभ र जलमा रहेको पाइन्छ । लोककथामा मानव, मानवेतर जीव र वृक्ष वनस्पतिका बिचमा आपसी अन्तर्सम्बन्ध रहेको छ । यही अन्तर्सम्बन्धले खाद्यचक्र सिर्जना भएको पाइन्छ । यी सबैको भौतिक जगत्मा नै स्थानगत अस्तित्व कायम रहेको छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत अनुसन्धानात्मक लेख त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश ७२० को प्रयोजनार्थ तयार पारिएको *गुल्मी जिल्लामा प्रचलित लोककथामा पर्यावरण* (२०८२) शीर्षकको शोधप्रबन्धमा आधारित रहेको छ । दर्शनाचार्य-विद्यावारिधि तहको उक्त अध्ययन पूरा गर्न मलाई विश्वविद्यालय अनुदान आयोगले आर्थिक वर्ष २०८१/८२ मा दर्शनाचार्य वृति प्रदान गरेको थियो । उक्त वृति प्रदान गरेर अध्ययनमा सहयोग गरेकोमा म विश्वविद्यालय अनुदान आयोगलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भ ग्रन्थसूची

एटम, नेत्र. (२०६८). पर्यावरणीय समालोचना. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड (पृ.३१०-३३२). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कोइराला, जानुका. (२०८२). काभ्रेली असारे गीतमा नारी पर्यावरण [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ज्ञवाली, मधुकला. (२०८२ भदौ ६). राजकुमारकी श्रीमती. लोककथाकी वाचिकासँग गरिएको अन्तर्वार्ता ।

ज्ञवाली, शिवशरण. (२०८२). गुल्मी जिल्लामा प्रचलित लोककथामा पर्यावरण [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

त्रिपाठी, गीता. २०७५). आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, गोविन्दराज. (२०६४). उत्तरआधुनिक विमर्श. काठमाडौँ : मोर्डन बुक्स ।

रेग्मी, अनुपमा. (२०६९). पर्यावरणीय समालोचनाको परिचय. समकालीन साहित्य, ६९, ४४-५५ ।

श्रेष्ठ, तीर्थबहादुर. (२०८०). नेपाल अध्ययन (भाग १) भू-स्वरूप र हावापानी. काठमाडौँ : शिक्षक मासिक ।

श्रेष्ठ, तीर्थबहादुर. (२०८२). नेपाल गाथा. काठमाडौँ : बुकहिल पब्लिकेसन ।

Campbell, S. (A.D. 1996). The Land and Langauge of Desire: where Deep Ecology and Post-Structuralism Meet. Cheryll Glotfelty and Harold Fromm (edit.), *The Ecocriticism Reader* (p.124-136). Georgia : The University Press.

Glotfelty, C. (A.D. 1996). Literaray Studies In An Age Of Environmental Crisis. Cheryll Giotfelty and Haroid Fromm (edit.). *The Ecocriticism Reader* (p.xv-xxxvii). Georgia : The University Press.

Mishra, S. K.. (A.D.2016). Ecocriticism : A Study of Environmental Issues in Literature. BRICS *Journal of Educational Research*, 6(4), 168-170.

Polechova, J., & Storch, D. (A.D. 2018). *Ecological Niche*. https://www.researchgate.net/ publication/323908147. doi.10.1016/b978-0-12-409548-9.11113-3.

Rucekert, W. (A.D. 1996). Literature and Ecology : An Experiment in Ecocriticism. Cheryll Giotfelty and Haroid Fromm (edit.), The Ecocriticism Reader (p. 105-123). Georgia : The University Press.